# परिवर्तन गाउँपालिकाको जेसीबी डोजर सञ्चालन सम्बन्धी कार्यविधि २०८०

## प्रस्तावना

स्थानीय पूर्वाधार विकास आयोजना एवं परियोजनाहरूलाई छिटो छरितो र गुणस्तरी बनाउन तथा मर्मत सम्भार गर्न यस परिवर्तन गाउँपालिकाको आफ्नै स्वामित्वमा रहेको डोजर जेसीबी सञ्चालन र व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ दुईको घ ले निर्देशित गरेबमोजिम कार्यपालिकाबाट यो डोजर सञ्चालन सम्बन्धी कार्यविधि २०८० जारी गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम डोजर जिसीबी सञ्चालन सम्बन्धी कार्यविधि २०८० रहेको छ।
ख) यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ

## २.परिभाषा

क) डोजर जिसीबी भन्नाले गाउँपालिकाको स्वामित्वमा रहेको डोजर जेसीबीलाई सम्झनुपर्दछ।

ख) कार्यालयका भन्नाले परिवर्तन गाउँपालिकालाई सम्झनुपर्दछ

ग) समिति भन्नाले यस कार्यविधि अन्तर्गत गठित डोजर जेसिबी सञ्चालक समितिलाई सम्झनु पर्दछ

घ) शाखा भन्नाले यस परिवर्तन गाउँपालिकाको प्रशासन शाखा प्राविधिक शाखा र स्तर शाखालाई सम्झनुपर्दछ।

ङ) कोष भन्नाले परिवर्तन गाउँपालिकामा डोजर जेसीबी सञ्चालनका लागि टोकिएको कोष सम्झनुपर्दछ।

च) अपरेटर भन्नाले डोजर जेसीबी चलाउने व्यक्तिलाई सम्झनु पर्दछ

ज) सेवाग्राही भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने सार्वजनिक संघ संस्था समिति उपभोक्ता समिति र व्यक्तिलाई सम्झनु पर्दछ

## ३.सञ्चालन समितिको गठन

क) परिवर्तन गाउँपालिकामा रहेको डोजर जेसीबी सञ्चालनका लागि देहाई बमोजिमको सञ्चालन समिति रहनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी- संयोजक

ख) प्राविधिक शाखा प्रमुख वा निजले तोकेको एकजना प्राविधिक -सदस्य

ग) प्रशासन शाखा प्रमुख -सदस्य

घ) लेखा शाखा प्रमुख-सदस्य

ङ) जिन्सी शाखा प्रमुख-सदस्य सचिव

बैठकमा आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ

४. समितिको काम कर्तव्य र अधिकार

क) समितिको काम कर्तव्य र अधिकार देहाइबमोजिम हुनेछ।

१ डोजर प्रयोग सम्बन्धी सम्पूर्ण कार्य गर्ने

२.डोजरको रेखदेख गर्ने

३ सञ्चालनको अवस्थामा नियमन गर्ने

४ मर्मत सम्भार गर्ने लगाउने

५.गाउँ कार्यपालिकामा नियमित रूपमा प्रगति प्रतिवेदन पेश गर्ने

६.डोजर सञ्चालक सम्बन्धी सम्पूर्ण आवश्यक कागजात गर्न गराउने

डोजरको प्रयोग तथा लकबुक राखी प्रगति प्रतिवेदन तयार पार्ने जिम्मेवारी प्राविधिक शाखा प्रमुखको हुनेछ

५. समितिको बैठक

क) समितिको बैठक महिनाको एकपटक बस्नेछ।

ख) आवश्यक भएमा जुनसुकै बेला पनि समितिको बैठक बस्न सक्नेछ।

६. डोजरको उपलब्धता सम्बन्धी व्यवस्था

क)सेवाग्राहीले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

ख) गाउँपालिकाबाट उपलब्ध गराइने डोचरको भादा दर बुढा नं १० बमोजिम हुनेछ।

ग.सेवाग्राहीले अनुसूची १ बमोजिम फारमभरि कार्यालयमा पेश गरेपछि समितिको सिफारिसमा प्राविधिक शाखाबाट अनुसूची २ बमोजिमको सम्झौता गराई Equipment उपलब्ध गराइनेछ।

घ) तत्काल डोजर प्रयोगमा ल्याउनुपर्ने अवस्था उत्पन्न भएमा पछि समितिको बैठकबाट अनुमोदन गराउने गरी सम्बन्धित शाखाबाट डोजर उपलब्ध गराउन सकिनेछ।

ङ) अग्रिम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्ने छ

च) लापरवाहीका कारणले डोजर कुनै क्षति पुग्न गएमा सो को जिम्मेवारी साधन माग गर्ने सेवा ग्राहीको हुनेछ

छ) विपत्ति र पालिकाबाट आयोजना गरिने विशेष कार्यका सन्दर्भमा डोजर सञ्चालन गर्नुपर्ने भएमा महसुल छुट गरी प्रयोग गर्न सकिनेछ । सो को बिषयमा कार्यपालिकाले निर्णय गर्नु पर्नेछ ।

ज) गाउँपालिकाबाट सम्झौता गरी कार्य सञ्चालन हुने उपभोक्ता समितिहरूको हकमा तत्काल भाडा बुझाउन नसक्ने भएमा रकम भुक्तानी हुँदा कटाउने गरि डोजर उपलब्ध गराउन सकिनेछ ।

७.सञ्चालन कोषको व्यवस्था

क) डोजर सञ्चालकको लागि एउटा छुट्टै कोष खडा गरिनेछ। उक्त कोषमा देहाइबमोजिमक रकम रहनेछ

१.पालिकाबाट विनियोजित गरिएको रकम ।

२. सेवाग्राहीबाट प्राप्त दस्तुर ।

३.विभिन्न निकायबाट प्राप्त रकम ।

८.कोषको सञ्चालन विधि

१.प्रचलित कानुन अनुसार गाउँपालिकाको खाता सञ्चालन गर्ने प्रक्रिया अनुसार कोष सञ्चालन हुनेछ

२. खाता प्रमुख प्रशासकी अधिकृत र लेखा प्रमुखको संयुक्त दष्तखतमा सञ्चालन हुनेछ ।

९.विविध

क)यसमा उल्लेख नभएका अन्य व्यवस्था कार्यपालिकाको निर्णयबमोजिम हुनेछ

ख)कार्यपालिकाबाट यो कार्यविधि आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ

ग)यस कार्यविधिको व्याख्या कार्यपालिकाले गर्नेछ

१०.डोजर द रेट सम्बन्धमा

डोजरको भाडामा प्रयोग गरे बापतको दर रेट देहाय बमोजिम हुनेछ ।

| क.स | उपकरणको नाम | दररेट (इन्धन बाहेक) | दररेट (इन्धन सहित) | कैफियत |
|---|---|---|---|---|
| | जेसिवी | | | |

अनुसुची १

(बुढा ६ को (क) सँग सम्बन्धित) डोजर भाडामा लिने सम्बन्धि निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
परिवर्तन गाउँपालिकाको कार्यालय
पुतलाचौर रोल्पा

...................................................................... कामको लागि गाउँपालिकाको नियमअनुसार गाउँपालिकाको दोजर उल्लेखित समयको लागि उपलब्ध गराइदिनुहुन निवेदन गर्दछु।

१.डोजरको कार्यको विवरण :

स्थान............................................................

अनुमानित कार्य अवधि...................................... देखि.........................................सम्म

सिफ्ट घण्टा ..................................................

कार्यालयको नियम अनुसार राजस्व जम्मा गरी सकेपछि मेसिन लैजाने र काम गर्ने कुरामा कार्यालयले टोकेको सम्पूर्ण नियम तथा शर्तहरू पालना गर्न मन्जुर गर्दछु।

निवेदन निवेदकको पुरा नाम...................................... निवेदकको ठेगाना..........................
निवेदकको टेलिफोन नम्बर..........................................

निवेदक वा निजको प्रतिनिधिको हस्ताक्षर............................................

( अफिसको कामको लागि मात्र)

श्री आर्थिक प्रशासन शाखा
परिवर्तन गाउँपालिका

निम्न बमोजिम रकम आम्दानी बाँध्नुहोला ।

भाडामा दिएको विवरण

भाडादर.................................. जम्मा राजश्व रकम ............................

राजश्व रकम प्राप्त भएको मिति : .............................

पेश गर्ने कर्मचारी                                                                                   प्रमाणित गर्ने अधिकृत

दस्तखत .............                                                                                   दस्तखत..................

अनुसूची २

(बुँदा नम्बर ६ को ग सँग सम्बन्धित)

परिवर्तन गाउँपालिकाको स्वामित्वमा रहेको डोजर भाडामा लगाउने कार्यसम्बन्धी

सम्झौता पत्र

परिवर्तन गाउँपालिकाको कार्यालय पुतलाचौर रोल्पा (यसपछि दोस्रो पक्ष भनिने) र.......................................( यसपछि दोस्रो पक्ष भनिने) को बीचमा डोजर भाडामा लगाउने कार्य देहाय बमोजिमको सेवा तथा शर्तहरूको अधीनमा रही कार्यान्वयन गर्न गराउन दुवै पक्ष उक आपसमा  सहमति भई परिवर्तन गाउँपालिकाको कार्यालयमा बसी यो दिपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरी लियौ दियौ

१.प्रथम पक्षले दोस्रो पक्षलाई...................................... कार्यका लागि मिति.....................देखि मिति .............................सम्म घण्टाको लागि.................... भाडामा उपलब्ध गराउनु पर्नेछ। २.परिवर्तन गाउँपालिका क्षेत्रभित्र सार्वजनिक निर्माणको कार्य गर्न प्रतिघण्टा रु.................मा दोस्रो पक्षले भुक्तानी गर्ने गरी दुवै पक्षले यो सम्झौता पत्रमा हस्ताक्षर गर्यौं

३. डोजरको प्रयोगको क्रममा दोस्रो पक्षको लापरबाहीबाट दुर्घटना भएको पुष्टि हुन आएमा वा दोस्रो पक्षको लापरवाहीको कारण डोजरको पार्ट पुर्जामा अस्वभाविक ढंगले क्षति हुन गएको पुष्टि हुन आएमा उक्त क्षतिको पूर्ति प्राविधिकको मूल्याङ्कन बमोजिम दोस्रो पक्षले गर्नेछ।

डोजर सञ्चालन सम्बन्धी कार्यविधि २०८० मा भएका कुराको अतिरिक्त निम्नलिखित अधिकार प्रथम पक्षलाई हुनेछ

क. समयमा कार्यसम्पादन हुन नसके डोजर फिर्ता गरी सम्झौता भङ्ग गर्ने

ख. प्रचलित कानुन वा सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार

सम्झौतामा उल्लेख भएका विषयवस्तुको हकमा नेपालको प्रचलित कानुन सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

| | |
|---|---|
| प्रथम पक्षबाट | दोस्रो पक्षबाट |
| दस्तखत ............................ | दस्तखत........................ |
| प्रमुख प्रशासिक अधिकृत | नाम : ......................... |
| परिवर्तन गाउँपालिका | ठेगानाः ....................... |
| पुतलाचौर रोल्पा | मितिः......................... |

साक्षीहरु :

| | | |
|---|---|---|
| दस्तखत............. | दस्तखत............. | दस्तखत............. |
| योजना शाखा | प्राविधिक शाखा | चालक |

आज्ञाले

...................

प्रमुख प्रशासकिय अधिकृत